# दोधारा चाँदनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दोधारा चाँदनी, कञ्चनपुर
## सुदूरपश्चिम प्रदेश, नेपाल




पत्र संख्या:-२०८२/०८३
चलानी नं.:-

मिति: २०८२/१२/२४
ने.सं. ११४६

**विषय : हावाहुरी तथा आगलागिका घटनाहरु बाट जोगिन सर्वसाधारणहरुमा अनुरोध।**

गर्मीयाम शुरु भएसगै यस नगरपालिकामा पनि हावाहुरी तथा आगलागीका घटनाहरु हुन सक्ने र सो बाट जनधन, वन-जंगल एवम् जैविक विविधता ह्रासका साथै बायु प्रदुषण समेत हुन सक्ने भएको हुदा सो न्युनीकरणका लागी निम्नानुसारका कार्यहरुमा ध्यान दिनहुन सम्पूर्ण नगरबासीहरुमा अनुरोध गरिन्छ।

तपसिल:

१) खाना पकाई सके पछि आगो राम्रो सँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो, रेगुलेटर, लाईटर आदिको समय समयमा नीरिक्षण गर्ने गरौं ।

२) सलाई, लाईटर, जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभएका व्यक्तिहरूले नभेटने ठाउँमा राखौं ।

३) धुम्रपान तथा मध्यपान सेवन नगरौं, यदि चुरोट, बिडी जस्ता बस्तुहरुको सेवन गरेमा प्रयोग पश्चात जथाभावी नफालौ र आगो राम्रो सँग निभाऔं ।

४) सम्भब भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक सामाग्रीहरु राखौं।

५) कुनै पनि ज्वलनशील पदार्थ तथा ग्यास- पेट्रोलको गन्ध आए बेवास्ता नगरौं।

६) बिजुलीका तार, स्वीच, प्लग तथा वायरिङ ठीक अवस्थामा छन्-छैनन् नियमित जाँच गरौं।

७) खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने गरौं।

८) पानीको प्रयोग प्रस्सतमात्रामा गरौं।

९) स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

१०) आगलागीका घटना भएमा सबै मिलि आगो निभाउने प्रयास गरौं र अन्य आवश्यक सहयोग र सहजिकरणका लागी वडा कार्यालय, नगरपालिका, दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यमलाई खबर गरौं।

११) मौसम सम्बन्धि जानकारिका लागी टोल फ्रि नम्बर ११५५ मा फोन गरौं।

**नगरपालिकाको दमकल सेवाका लागी सम्पर्क नम्बर- ९८५८७५१७१२**

गणेश दत्त मिश्र
प्रमुख प्रशासकिय अधिकृत